आज मिति २०८०।०२।१९ गतेका दिन विहान ८:०० बजेको समयमा यस लम्कीचुहा नगरपालिकाका नगर प्रमुख श्री सुशिला शाही ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको १८ औं बैठक बसी तपशीलको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु पारित गरियो।

**तपशील**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुशिला शाही | नगर प्रमुख | |
| २ | श्री जुना चौधरी | नगर उपप्रमुख | |
| ३ | श्री नेत्र प्रसाद खनाल | अध्यक्ष वडा नं. १ | |
| ४ | श्री संतोष कुमार ओली | अध्यक्ष वडा नं. २ | |
| ५ | श्री लब बहादुर शाही | अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री तारा प्रसाद अधिकारी | अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री माया विष्ट | अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र कठायत | अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री भगवानदिन चौधरी | अध्यक्ष वडा नं. ७ | |
| १० | श्री हरी प्रसाद चौधरी | अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री राम प्रसाद चौधरी | अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री हर्क बहादुर कठरिया थारु | अध्यक्ष वडा नं. १० | |
| १३ | श्री उजीर सिंह सुनार | कार्यपालिका सदस्य | |
| १४ | श्री सुमित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १५ | श्री ज्योती देवी वि.क. | कार्यपालिका सदस्य | |
| १६ | दुर्गा देवी उखेडा | कार्यपालिका सदस्य | |
| १७ | झपट सिंह वि.क. | कार्यपालिका सदस्य | |
| १८ | कोकिला देवी दमाई | कार्यपालिका सदस्य | |
| १९ | सेतु देवी कामी | कार्यपालिका सदस्य | |
| २० | दिपा देवी रावत | कार्यपालिका सदस्य | |
| २१ | शेर बहादुर बुढा | सचिव | |
| **अन्य उपस्थितिः** | | | |
| १ | माधव कुमार जैसी | अधिकृत इन्जी. | |
| २ | प्रयागराज खराल | सचिवालय प्रमुख | |

**प्रस्ताव नं. १ आ.व. २०८०।०८१ को लागि बजेट अधिवेशन आह्वान गर्ने सम्बन्धमा।**

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको आगामी आर्थिक वर्ष २०८०।०८१ का लागि नीति तथा कार्यक्रम तथा बजेट प्रस्तुत, छलफल तथा पारित गर्नका लागि आगामी आर्थिक वर्षको बजेट अधिवेशन मिति २०८० साल असार ७ गते बिहिबारबाट प्रारम्भ गर्ने साथै कार्यपालिकाबाट नीति तथा कार्यक्रम स्वीकृत अगावै सम्पूर्ण विषयगत समितिका बैठकहरु संचालनका लागि आवश्यक निर्देशन दिने निर्णय गरियो।

**प्रस्ताव नं. २ नीति तथा कार्यक्रम मस्यौदा तर्जुमा समिति गठन गर्ने सम्बन्धमा।**

निर्णय नं. २. प्रस्ताव नं. २ माथि छलफल गर्दा यस लम्कीचुहा नगरपालिकाको आगामी आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रम तर्जुमा गर्नका लागि नियमानुसार हुन आउने १ हप्ता बराबरको सेवा तथा सुविधा उपलब्ध गराउने गरि तपशील अनुसारको नीति तथा कार्यक्रमको मस्यौदा तर्जुमा समिति गठन गर्ने निर्णय गरियो।

तपशील

१. बद्रि प्रसाद लम्साल-संयोजक
२. कुम्भराज बडुवाल-सदस्य
३. मित्रलाल चौधरी-सदस्य
४. इन्द्र बहादुर कुँवर-सदस्य
५. रंग प्रसाद तिमिल्सेना-सदस्य
६. विष्णु प्रसाद खनाल-सदस्य
७. माधव कुमार जैसी-सदस्य-सचिव

**प्रस्ताव नं. ३ रकम विनियोजन गर्ने सम्बन्धमा।**

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको कार्यालयद्वारा आर्थिक वर्ष २०७९।०८० को स्वीकृत समपुरक कोष शिर्षकबाट व्ययभार हुने गरि तपशील अनुसारका योजना तथा कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गर्ने निर्णय गरियो।

तपशील

१. लम्कीचुहा अस्पतालमा फार्मेशि निर्माण, मर्मत तथा पार्टीसन रु. १० लाख
२. लम्कीचुहा नगरपालिका वडा नं. २ राष्ट्रिय नमुना मा.वि. पश्चिम सरस्वतरी खनालको घरसम्म खानेपानी पाईप लाईन विस्तार रु. १ लाख ५० हजार
३. लम्कीचुहा नगरपालिकाको प्रशासकीय भवन अगाडी राष्ट्रिय झण्डा सहितको हाईमस्ट लाईट जडान रु. ९ लाख

**प्रस्ताव नं. ४ घ वर्गको ईजाजत उपलब्ध गराउने सम्बन्धमा।**

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकामा पेश हुन आएका निवेदनहरुको प्राविधिक चेकजाँच तथा आवश्यक कागजातहरुको जाँच गर्दा "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम तपशील अनुसारका फर्मलाई घ वर्गको ईजाजत पत्र उपलब्ध गराउने निर्णय गरियो।

**तपशील**

क. तोया कन्स्ट्रक्सन प्रा.लि. लम्कीचुहा-०१, कैलाली

स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम प्रमाणित

शेर बहादुर बुढा